सूचना र सञ्चारका लागि सहकार्य
Estd-2067

जि.प्र.का.इ. द.नं.
३०/२०६७/२०६८
इ. जि.हु.द.नं. २२/०६७/०६८
डि. स. का. इ. द. नं. ३/४७८

हाम्रो खबर, हाम्रो पत्रिका

# इलाम पोष्ट

www.saralpati.com

राष्ट्रिय दैनिक

❖वर्ष ११ ❖अंक ६९ ❖२०७७ फागुन २७ बिहीबार [Ilam Post Daily, Thursday, 10 Marchl 2021] ❖पेज : ४ ❖मूल्य: रु. ३ ।-

## बिमा कार्ड दुरुपयोग गरी रकम असुल्दै

इलाम पोष्ट संवाददाता

इलाम,फागुन २६

झापाको एउटा औषधि पसलले एउटाको बिमा काडबाट दोस्रो व्यक्तिलाई उपचार गराउँदै रकम असुल्ने गरेको पाइएको छ। उपचारका लागि मेची अञ्चल अस्पताल पुगेकी भद्रपुर ८ की २२ वर्षिया गर्भवती महिला ममता विकलाई अस्पताल परिसरमा सञ्चालित सुस्मा मेडिकल हलले उपचार गराएवापत रकम असुल गरेको पीडित महिलाको आरोप छ।

गर्भवती महिलालाई मेडिकलका दाताराम र गोमा सिटौलाले भद्रपुर ८ की दिपिका राजवंशीको स्वास्थ्य बिमा कार्ड प्रयोग गरी विकको उपचार गराएका थिए। उनीहरुले दिपिकालाई पनि परिवारमा राखेर बिमा कार्ड बनाएका थिए। दाताराम घर मुली राखेर दीपीकालाई संरक्षकको रुपमा स्वास्थ्य बिमा काड बनाएका थिए। उपचार पश्चात मेडिकलले २२ सय रुपैयाँ लिएको पीडितका श्रीमान प्रकाश खडकाले बताए। उपचार गराएवापत कुनैपनि पूर्जा विरामीलाई नदिएको उनको भनाइ छ।

उपचारको क्रममा उनीहरुले डेलिभरीका लागि ६० हजार रुपैयाँ जति खर्च हुने बिरामीलाई भनेका थिए। धेरै रकम लाग्ने

■ बाँकी पेज ३ मा

**हाम्रो अनुरोध**

सडक र सडकका पेटीमा निर्माण र व्यवसायका सामाग्री नराखौं,
भान्सा र पसलको फोहोरलाई नगरपालिकाको गाडिमा हाल्ने गरौं,
माईजोगमाई गाउँपालिकालाई दुर्गन्धित बनाउने काम नगरौं, सवारी साधन जथाभावी पार्किङ नगरौं, पर्यटनमैत्री र वातावरणमैत्री बनाउन स्वच्छ र सफा राखौं,
पालिका भित्र घर निर्माण गर्दा पालिकाको इजाजत र नक्सा पास गरेर मात्र निमार्ण गरौं,
*व्याक्तिगत घटना (जन्म,मृत्यू,विवाह,बँसाइँसराई) सम्बन्धित वडा कार्यलयमा ३५ दिन भित्रमा अनिवार्य दर्ता गरौं*

**माईजोगमाई गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नयाँबजार, इलाम**

# चियाको प्रोत्साहन गर्न आग्रह

इलाम पोष्ट संवाददाता

इलाम,फागुन २६



देशकै सबैभन्दा बढी चिया उत्पादन हुने झापा जिल्लामा चियाको प्रवर्द्धन गर्न माग गरिएको छ।

पर्याप्त चिया उत्पादन हुने भएपनि सरकारको प्राथमिकतामा चिया नपरेको गुनासो गरिएको छ। चियालाई प्रवर्द्धन गर्न झापालाई 'चिया जोन'का रुपमा विकास गर्नुपर्ने माग गरिएको छ। जिल्ला समन्वय समितिका प्रमुख सोमनाथ पोर्तेलले झापा चियाको राजधानी भएको हुँदा चिया जोन बनाउनका लागि बोर्डले सरकारसँग पहल गर्नुपर्ने धारणा व्यक्त गरे।

उनले चियालाई धान, मकै, सुपारी र रबरजस्तै जोन वा सुपरजोन घोषणा गरेर काम गरे चिया किसान, मजदूर र उद्योगी सबैको हितमा हुने र गुणस्तरीय उत्पादनमा सहयोग पुग्ने बताए। भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनालगायतले सरकारले तोकेको चिया श्रमिकको न्यूनतम पारिश्रमिक लागू गर्न बोर्डलाई महत्वपूर्ण भूमिका निवार्ह गर्न आग्रह गर्दै चिया जोन बनाएमा किसान, मजदूर र उद्योगी सबैको हित र संरक्षण हुने बताए।

बोर्डका सञ्चालक सदस्य आदित्य पराजुली र हर्क तामाङले चियाको मार्केट्रिङ बोर्ड स्वयम्ले गर्नुपर्ने, किसानको खोसिएको सिँचाई सुविधामा दिएको विद्युतीय सहुलियत दर पुनः कायम गर्नुपर्ने र चिया किसानलाई सहजरुपमा मल उपलब्ध गराउनुपर्ने लगायतका माग सरकारसँग राखेको बताए। उनहरुले किसानलाई निरास नहुन र गुणस्तरीय उत्पादनमा जोड दिन आग्रह गरे।

कार्यक्रममा कृषि ज्ञान केन्द्र कृषि अधिकृत शालिकराम भट्टराई, अखिल नेपाल ट्रेड युनियन महासंघ प्रदेश नम्बर १ का सदस्य भूपाल सापकोटा, होम कार्की, सच्चिन निरौला, सहीकुमार राई, सन्तकुमार राई, पत्रकार माधव विद्रोहीलगायतले बोर्ड काठमाडौंमै सीमित रहेको र जिल्लामा जनशक्तिको अभाव देखाएर काम नगरेको आरोप लगाए। उनीहरूले चियाको राजधानी झापा रहेको हुँदा बोर्डको केन्द्रीय कार्यालय झापामै स्थानन्तर गरेर किसान, मजदूर र उद्योगीको हितमा काम गर्नुपर्ने नत्र चिया जोन घोषणाका लागि पहल गर्न माग गरे। राष्ट्रिय चिया तथा कफि विकास बोर्ड क्षेत्रीय कार्यालय झापाका निमित्त प्रमुख प्रेम आचार्यले कार्यालयमा स्रोत साधानको अभाव रहेको हुँदा किसानको समस्या बुझ्न र सहयोग गर्न समस्या भइरहेको बताए। उनले बोर्डले किसानले उत्पादन गरेको चियाको मात्रा

■ बाँकी पेज ३ मा

**आकर्षक छुटसहित अब तपाईं हाम्रै घर आँगनमा टाटाका गाडी**

**इलामको बिब्ल्याँटेमा सिप्रदी ट्रेडिङ प्रालिको डिलर श्री इका अटोमोब्स सञ्चालनमा रहेको सहर्स जानकारी गराउँछौ। यहाँबाट टाटा कम्पनीको कार, सुमोगोल्ड, कतार कम्पनीको ट्र्याक्टर र टाटा कम्पनीको हिटाची मेसिन सर्वशुलभ मूल्यमा बिक्री भइरहेको छ। यहाँ आकर्षक, नगद छुटमा गाडी बिक्री भइरहेको छ।**



**प्रो. आशिष श्रेष्ठ (सफल श्रेष्ठ)**
**सम्पर्क:९८५२६८५५३४/०२७४१३१७६**
इमेल: shree.ekaa .automobs@gmail.com

**अब चौबीसै घण्टा ताजा समाचार**

**इलाम सञ्चार सहकारी संस्थाद्वारा सञ्चालित**

**इलाम पोष्ट**
दैनिकको डिजिटल पत्रिका

SaralPati
WWW.SARALPATI.COM

**हरपल तपाईंको माझमा**

**भरपर्दो एम्बुलेन्स सेवाका लागि सम्झनुहोस्**

जनकल्याण सामुदायिक पुस्तकालय बरबोटेले भर्खरैदेखि सञ्चालनमा ल्याएको एम्बुलेन्स सेवाले इलाममा रहेर चौबीसै घण्टा सेवा दिइरहेकाले एम्बुलेन्स आवश्यक परेमा हामीलाई सम्पर्क गर्नुहोला।
*सम्पर्कका लागि:- ९८५२६८०५२२*

**मानव डेण्टल हाउस**



MANAV DENTAL HOSPITAL Pvt.Ltd
Estd: 2065
Ilam-1, Chowk Bazar

'स्वस्थ मुस्कान स्वस्थ जीवन, यहि हो मानव डेण्टलको पहिचान'

**धरान घोपा क्याम्पबाट आएका डाक्टरहरुद्वारा दाँत तथा मुखसम्बन्धी दैनिक उपचार गरिन्छ र शनिबार पनि सेवा उपलब्ध गराइने छ**

इन्ट्राओरल क्यामराद्वारा दन्त परीक्षण, दाँत सफा गर्ने, किराले खाएको दाँत भर्ने तथा RCT गर्ने, दाँत खोल्ने तथा Crown Bridge राख्ने, दाँतको छुट्टै IOPA X-RAY गरिन्छ ।

**इलाम नगरपालिका-७ चोकबजार**
**फोन सम्पर्क नं. ०२७-५२१७३९**



देउ
सडक र सडकका

## सम्पादकीय--------

# पर्यटनको लागि दीर्घकालीन योजना

नेपालको आर्थिक विकासलाई चाडै योगदान गर्न सकिने योजना पर्यटनको योजना हुन सक्छ । तर, पर्यटन विकासको लागि दिगो योजना बनाउन सकिएको छैन । पर्यटनको विकासको लागि तीनै तहको सरकारले मात्रै होइन नीजि क्षेत्रले पनि लगानी गर्दै आएका छन् । यसरी भइरहेको लगानी दीर्घकालीन सोच अनुरुपको हुन सकेको छैन । पालिकाहरुले आफ्नो इच्छा र सोच अनुसार काम गर्दैछन् ।

प्रदेशले छुट्टै हिसावमा लगानी गर्दैछ । त्यस्तै संघीय सरकारले पनि पर्यटनमा ठूलो रकम खर्च गर्छ । यसरी आ-आफ्नै तालमा कार्यक्रम बनाउने र बजेट लगानी भइरहेको छ । नीजि क्षेत्रले पनि नाफा कमाउन सकिने ठाउँमा लगानी गरिरहेका छन् । पर्यटनको योजनालाई एकिकृत रुपमा अघि बढाउन सके अहिले भइरहेको लगानी र त्यसबाट प्राप्त प्रतिफल भन्दा कम लगानीमा बढी प्रतिफल पाउन सकिन्छ । पर्यटनको विकासको लागि भौतिक पूर्वधारको विकास मात्रै सूचक हुन सक्दैन । किनभने हाम्रो जस्तो सीमित श्रोत साधन भएको मुलुकको तुलनामा विश्वका अन्य देशहरुले चामत्कारिक परिवर्तन गर्न सम्भव हुन्छ । विश्वका कतिपय देशले त्यसलाई देखाइ सकेका छन् । अब हामीले भौतिक पूर्वाधारको विकासमा लागेर संसारका अन्य देशहरुसँग प्रतिष्पर्धा गर्न सक्दैनौ । यस्तो अवस्थामा हामीले पर्यटन पर्यटनको प्रतिष्पर्धाबाटै बाहिरिने भन्ने हुँदैन । हामीले प्रतिष्पर्धाको बाटो फरक बनाउनु पर्ने छ । प्राकृतिक सौन्दर्यलाई बचाएर त्यसकै प्रचारमा लाग्नुपर्छ । प्राकृतिक सौन्दर्यलाई बेच्न सकियो भने मात्रै हामीले पर्यटनबाट कमाउन सक्छौ । मुलुकको अर्थतन्त्रमा योगदान गर्न सक्ने पनि यस्तै कमाईबाट हुने हो । त्यसैले अब पर्यटनको लगानीलाई व्यवस्थित गर्न पर्छ । आवश्यकता अनुरुपको भौतिक संरचना बनाउने, आवश्यकता अनुसार सिगार्ने, भौतिक सुविधाको विस्तार गर्न लाग्नुपर्छ । यस्तो लगानी गर्दा प्राथमिकता निर्धारण गर्नु अर्को महत्वपूर्ण कुरा हो ।

सबैतिर एकै पटक लगानी गर्न सम्भव हुँदैन । लगानी नपुगेपछि कामपनि फत्ते हुँदैन । काम पनि नदेखिने र प्रतिफल समेत नआउने अहिलेको जस्तो लगानीले पर्यटनलाईमाथि उठाउन सम्भव हुँदैन । त्यसैले अब दीर्घकालीन योजना बनाएर त्यही अनुसारको लगानी गर्नुपर्छ । त्यसको लागि तीनै तहको सरकारले गर्ने लगानीलाई एकरुप बनाउनुपर्छ ।



# अक्करमा अड्किएको राजकाज



सिकेलाल

जनकपुर साहित्य महोत्सवको समापनपछि काठमाडौं फिर्ने क्रममा पत्रकार किरण नेपालले प्रश्नमिश्रित तर मर्मज्ञ टिप्पणी गरे, 'जनकपुर आजभोलि फेरिएको महसुस हुन्छ, हो ?' चल्तीको भाषामा किरणलाई 'वरिष्ठ पत्रकार' भन्दा हुन्छ । चौथाइ शताब्दीभन्दा बढी पत्रकारितामा बिताएका उनलाई 'वरिष्ठ' पदावलीले सुशोभित गर्न अनुपयुक्त हुँदैन ।

संवाददाताबाट समाचार संयोजक, सम्पादक, प्रकाशन संस्थाको मुख्य व्यवस्थापक हुँदै पत्रकारितासम्बन्धी अनुसन्धान गर्ने जिम्मेवारी सम्हाल्न पुगेकाले उनको अनुभवको फलक व्यापक छ । तर, जत्ति नै माथि पुगे पनि एउटा असल पत्रकारको क्षमताको उपयुक्त मापदण्ड उसको रिपोर्टिङ गर्ने कौशल हो र कतिपय कनिष्ठको समाचार सम्प्रेषण सामर्थ्य पेसागत वरिष्ठभन्दा अब्बल ठहरिन सक्छ । समाचार विश्लेषण गर्न बस्दा पूर्वतयारी एवं पृष्ठभूमिको अध्ययन उपयोगी हुन्छ ।

घटना प्रवाहको संश्लेषण एवं सम्भाव्य परिदृश्यको प्रक्षेपणमा तुलनात्मक अनुभव, पुराना सम्पर्कसूत्र एवं विषयवस्तुको जानकारीले सहयोगी सामग्री उपलब्ध गराउँछ । रिपोर्टिङको प्रस्थान-विन्दु भने सूक्ष्म अवलोकन हो । त्यसपछि प्रश्नहरू जन्मिन्छन्, उत्तर दिन सक्नेहरूको खोजी हुन्छ, प्राप्त जवाफलाई उपलब्ध तथ्यांक एवं सूचनाको आलोकमा पुनर्पुष्टि गरिन्छ र 'हतारको साहित्य' भनिने भाषामा सम्पादनका लागि बुझाइने सामग्री तयार हुन्छ । सम्पादन डेस्कलाई 'सबभन्दा राम्रो लेख्नेभन्दा छिटो, तर सबभन्दा छिटो लेख्नेभन्दा राम्रो' सामग्रीको आपूर्ति असल पत्रकारको पहिचान हो भन्ने उक्ति आधारहीन होइन ।

परिस्थितिको अवलोकन सही भएन भने काशी जान घरबाट निस्केको पण्डितले कुतीतिरको बाटो समात्छ । तर, साहित्य एवं कलामा जस्तै दृश्य, सुगन्ध, स्वाद, श्रवण एवं स्पर्श सँगसँगै छैटौं इन्द्रीय पनि प्रयोग हुने भएकाले पत्रकारिता शुद्ध पेसा मात्र होइन ।

धुन (प्यासन) बेगरको पत्रकारितालाई फगत लिपिकारिता (स्टनाग्रफी) त्यसैले भनिएको हुनुपर्छ । अदम्य लगन भएका घगडान पत्रकार किशोर नेपाल वा दिग्गज संवाददाता गोपाल शर्माको रिपोर्टिङ अहिले पनि तिनका पछिका पुस्ताका प्रतिस्पर्धीभन्दा कति पनि कम धारिला हुँदैनन् ।

प्रसंगवश, नेपालका पोख्त पत्रकारहरूमध्येका किरण र किशोर सगोत्री होलान् एवं सुधीर र गोपालको थर मिल्छ, तर ती एउटै परिवारका भने होइनन् ! पत्रकारिता आनुवंशिकीमा प्राप्त हुने गुण होइन ।

रिपोर्टिङको तुलनामा स्तम्भलेखनमा विषयान्तर गर्ने सुविधा पाइने भएकाले राजकाजका बारेमा लेख्दासमेत पत्रकारिताको बखानतिर बरालिन पुगिएको हो । अवचेतनमा तिमिरमय राजनीतिबारे लेख्ने हचक महसुस भएको पनि हुन सक्छ । विषय-प्रवेशको अन्तर्वस्तु के हो भने, संघीयताको संशयी प्रयोगले पनि जनकपुरका बासिन्दाहरूको आत्मविश्वास बढाएको छ । त्यस अर्थमा छोटो बसाइका बाबजुद किरणको आधारभूत वृत्ति क्रियाशील भएर उनलाई उपयुक्त आकलन गर्न सघाएको हुनुपर्छ । आजभोलि जनकपुरमा सकारात्मक परिवर्तनका संकेतहरू सहजै ठम्याउन सकिन्छ ।

ऐतिहासिक कारणले समरूप भइसकेका राजनीतिक इकाइहरूमा असल शासनले शान्ति, सुव्यवस्था एवं समृद्धि सुनिश्चित गर्न सक्छ । विविधताले गर्दा विभिन्न जनसमूहका बीच समरसता स्थापित हुन बाँकी राज्य-राष्ट्र निर्माणका लागि भने सह-शासन एवं स्व-शासन राज्यव्यवस्थामा सुशासन कायम गर्ने विधिका आवश्यक अवयवहरू हुन् । सर्वस्वीकार्य विधिको सर्वोच्चता एवं आवधिक तथा स्वच्छ निर्वाचनद्वारा प्रतिनिधिमूलक प्रजातन्त्रको ढाँचा तयार हुन्छ । प्रजातन्त्रले सह-शासनको अनुभूति दिन्छ । स्व-शासनको प्रत्याभूति भने राजकाजको चुनौतीपूर्ण पहेली हो । राजनीतिशास्त्रमा प्रजातन्त्रको अभ्यासका लागि अधिकारसम्पन्न स्थानीय सरकार अपरिहार्य हुने अवधारणा स्थापित छ । नागरिकको सहज पहुँचले गर्दा स्थानीय सरकारको स्वीकार्यता पनि अपेक्षाकृत बढी छ । प्रदेशको औचित्यबारे भने विषयविज्ञहरूका बीच पनि व्यापक मतभेद छ ।

भौतिक सेवा र सुविधा उपलब्ध गराउने स्थानीय सरकारको उपस्थिति देख्न सकिन्छ । प्रदेश सरकारले प्रदान गर्ने पहिचानजन्य सम्मान एवं आत्मविश्वास भने महसुस गर्ने कुरा हो । तात्विक अर्थमा भन्ने हो भने प्रदेश २ संघीयताको मर्मअनुरूपको देशभित्रको एकमात्र प्रदेश हो, बाँकी जति पञ्चायतकालको अञ्चल एवं विकास क्षेत्रका वर्णशंकर स्वरूपका निर्वाचित इकाइहरू हुन् । त्यसैले संघीयताको अनुभव गर्न जनकपुर नै पुग्नुपर्ने हुन्छ । र, कथंकदाचित् संघीयताको अवधारणामाथि प्रतिगामी प्रहार हुन पुग्यो भने त्यसको प्रतिरोधको स्रोत पनि प्रदेश २ मात्र हुन सक्ने देखिँदै छ ।

राज्यका लगभग सबै अवयव धरमर रहेको विद्यमान परिवेशमा जस्तोसुकै परिस्थितिका लागि तयार रहनुको विकल्प छैन ।

### गतिशील स्तम्भ

राज्यव्यवस्थालाई दृढ राख्ने भएकाले कार्यपालिका, विधायिका एवं न्यायपालिकालाई राज्यका 'तीन स्तम्भ' भनिएको हो । चौथो स्तम्भ प्रायशः स्वतन्त्र पत्रकारितालाई भनिए पनि निर्वाचन आयोग एवं कार्यविधि अनुगमनका लागि खडा गरिएका अन्य संवैधानिक अंगहरू त्यस उपमाका सही हकदार हुन् । पाँचौं दर्जा त्यस्ता पत्रकार एवं सामाजिक अगुवाहरूको हो जसले बहुमतद्वारा प्रताडित एवं वर्चस्वशालीद्वारा उपेक्षित सामान्य जनको आवाज मुखर गर्न सघाउँछन् एवं खम्बाहरू धरमर भएका बेला राज्यलाई टेको दिएर अडाउने काम पनि गर्छन् ।

समस्या त्यस बखत उत्पन्न हुन्छ जब स्थिर रहनुपर्ने खाँबो नै चलायमान हुन थाल्छ । अनावश्यक अध्यादेशमार्फत कार्यपालिका सोझै विधायिकाको आधारलाई भत्काउन उद्धत हुन्छ । आँखा चिम्लेर कार्यकारी प्रमुखको महत्वाकांक्षाअनुसारका अध्यादेशहरू सदर गरी राज्यप्रमुखले स्वयं त्यस्तो प्रवृत्तिलाई प्रोत्साहन दिन थाल्ने हो भने के हुन्छ भन्ने कुरा संसद्को विघटनलाई सर्वोच्च अदालतले बदर गर्नुपरेको हालैको परिघटनामा देखिसकिएको छ । विधायिकाले संविधानसँग मेल नखाने कानुनको निर्माण गर्नु न्यायपालिकाको कार्यबोझ बढाउने कर्म हो । संयोगवश, त्यस्तो दुस्साहस नेपालको विधायिकाले गर्ने गरेको देखिँदैन । न्यायिक अग्रसरता एवं अति न्यायिक क्रियाशीलताले विधायिका एवं कार्यपालिकालाई एकसाथ पंगु बनाउँछ । त्यस्ता उदाहरणहरू भने प्रशस्त छन् ।

नेपालको सर्वोच्च अदालतले संवैधानिकको साटो न्यायिक सर्वोच्चता कायम गर्न कुनै कसर बाँकी राखेको छैन । कार्यपालिकाको औजार बन्न तम्तयार भएपछि संवैधानिक अंगहरूको स्वीकार्यता सुस्तरी समाप्त हुन्छ । त्यस्तो प्रवृत्तिको सबभन्दा ठूलो उदाहरण त अख्तियार दुरुपयोग अनुसन्धान आयोगका एक पूर्वप्रमुख स्व-निर्वासनमा एवं अर्का व्यक्ति खोरमा पुग्नु नै हो ।

राज्यलाई स्थायित्व प्रदान गर्न शक्ति पृथकीकरणको अवधारणा आएको हो । राजनीतिक स्थायित्वलाई कार्यपालिकाको प्रमुखता एवं कार्यकारी प्रमुखको दीर्घ कार्यकालसँग जोडेपछि राज्यका अन्य स्तम्भको भारवहन क्षमता घट्दै जान्छ । र, टेकोहरूको भरमा अडेको राज्यव्यवस्था लामो कालसम्म टिक्न सक्दैन । शक्ति पृथकीकरण एवं निर्वाचित तथा नियुक्त सार्वजनिक अधिकारीबीचको सूक्ष्म सन्तुलन खलबलिन पुग्यो भने राज्यव्यवस्थाको वैधानिकता र स्वीकार्यता एकसाथ सकिन्छ । त्यसपछि राज्यको चरित्र अवपीडक (कोअर्सिभ) बन्न पुग्छ एवं सामान्यजनसँग प्रतिरोधको विकल्प बाँकी रहँदैन । समसामयिक राजनीतिक परिस्थितिको आकलन गर्दा राज्य व्यवस्थामा अर्को उलटफेरको टड्कारो आवश्यकता एवं सम्भावना एकसाथ देखिँदै छ । त्यस्तो परिवर्तन अझ बढी प्रतिगमनकारी हुन सक्ने जोखिमले गर्दा नागरिक निगरानीको महत्व बढेर गएको छ । लगभग सबै राजनीतिक दल भने दुष्क्रियाशील ( डिस्फंक्सनल) अवस्थामा रहेकाले आउँदा दिनहरू कठिनाइपूर्ण ठहरिने सम्भावना बढेर गएको छ । सन् २०१५ को सोह्रबुँदे षडचन्त्र, दलीय अनुशासनको कोर्राले हिर्काएर तीव्रपथद्वारा जारी गरिएको विवादास्पद संविधान, मधेसमा भएको प्रतिरोधको हिंस्रक दमन, खस-आर्य नृजातीयताको विजयी उन्माद एवं अदृश्य शक्तिहरूको अग्रसरतामा तत्कालीन माओवादी केन्द्रको एमालेमा गराइएको विलयका प्रतिनिधि पात्र प्रतिगामी चरित्रका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली हुन् । पटकपटक दोहोर्‍याइएका कुराहरू हुन्, तर कतिपय प्रवृत्ति बारम्बार औंल्याइराख्नुपर्ने हुन्छ । राजनीतिक तवरले शर्मा ओली गणतान्त्रिक व्यवस्थाका पक्षधर थिएनन् । संघीयता एवं समावेशिता एमाले दलको प्राथमिकतामा अहिले पनि छैन । धर्मनिरपेक्षता पनि एमालेको राजनीतिक आस्था नभएर पश्चिमाहरूको भरथेग पाइरहन अंगिकार गरिएको फगत कार्यनीति मात्रै हो । तर, के-कति कारणले, सशस्त्र द्वन्द्वद्वारा राज्य रूपान्तरणको कार्यसूची लिएर राष्ट्रिय राजनीतिमा उदाएका एकताकाका माओवादी नाइके पुष्पकमल दाहालले उनलाई 'रोल्पाली बिरालो रिसायो भने काठमाडौंमा आएर खाँबो चिथोर्छ' भनेर हियाउने व्यक्तिका अगाडि आत्मसमर्पण गरेका थिएरु? यस प्रश्नको उत्तर खोज्न सन् २०१५को अन्ततिर उनको निवासमा पुगेका केही सामाजिक अगुवालाई उनले निराश बनाएर फिर्ता पठाइदिएका थिए ।

आधा दशकपछि नेकपा दोहोरो बनाउने प्रयोगको निरर्थकता देखेर आस्थाच्युत माओवादी दाहाललाई पश्चात्ताप, भइरहेको छ वा छैन भन्ने कुरा अरूले देख्न सक्दैनन् । तर, उनको गलत ठम्याइ एवं अनुपयुक्त निर्णयले राजकाजमा राजनीतिकर्मीको साटो राज्यका स्थायी संयन्त्रहरूको प्रमुखता पुनःस्थापित भने गरेको स्पष्ट छ ।

### स्थिर पाङ्ग्रा

अडिनुपर्ने खाँबो चलायमान तर गुड्नुपर्ने पाङ्ग्रो स्थिर रहने विडम्बना दुष्क्रियाशील राज्यको परिचायक हो । भनिन्छ, बेलायतमा संसद्को सम्प्रभुतालाई कसैले चुनौती दिन सक्दैन । अमेरिकाका 'फाउन्डिङ फादर्स' भनिने संवैधानिक जनकहरूले जनोत्तेजक राजनीतिद्वारा निर्वाचित तानाशाहको उदयलाई रोक्न न्यायिक सर्वोच्चता अंगिकार गरेका थिए । कार्यकारी प्रमुखद्वारा नियुक्त गरिने न्यायाधीशहरू पनि प्रकारान्तरले राजनीतिक पक्षधर नै हुन्छन् तर तिनको आफ्नै स्वार्थले आजीवन कार्यकाल भएका अमेरिकाका संघीय न्यायमूर्तिहरूलाई हाकाहाकी पूर्वाग्रही हुनबाट रोक्छ ।

*(साभार :कान्तिपुर अनलाइन)*

## विविध

पर्यटकीय नगरी

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## बुद्ध मूर्तिको आसनपेमाको वुट्टाको निर्माण कार्यको नर्म्ससहितको दररेट पेश गर्ने सम्वन्धी अत्यन्त जरूरी सूचना


(प्रथम पटक प्रकाशित मिति २०७७।११।२७)

यस सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फिक्कल इलामबाट आ.व.२०७६।०७७ को समपुरकअनुदान कार्यक्रम र नगरपालिकाको आन्तरिक श्रोत अन्तर्गत सू.न.पा. ३ स्थित बुद्धपार्कमा बुद्धमूर्ति निर्माण कार्य भइ रहेको र बुद्ध मूर्तिदेखि तल्लो भाग पेमाको कमल फूल सहितकोवुट्टाकोनिर्माणकार्यमा नर्म्स सहितको दररेट आवश्यक भएकोले यस नगरपालिकामा उल्लेखित कार्यको दर रेट नभएको, अन्य विभिन्न निकायमा बुझ्दा समेत मूर्ति निर्माणको नर्म्स सहितको दररेट उपलब्ध हुन नसकेको हुँदातपशिलमा उल्लिखित आकार र साइजकोपेमाको कमल फूल सहितको वुट्टाको निर्माणकार्यको नर्म्स सहितको दररेट उपलब्ध गराउने प्रयोजनको लागि मूर्तिमा पेमाकोवुट्टाको निर्माणगर्न इच्छुक बुद्ध मूर्तिकारकालिगढहरुकोसंघ/संस्था र बुद्ध मूर्तिकारकालिगढहरुको लागि ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको व्यहोरा जानकारीको लागि सूचित गरिन्छ। यो सूचना कार्यालयमा प्रकाशित भएको मितिले ७ दिन (२०७७ज्ञद्द।०४ गते) भित्र तपशिलमा उल्लेख भए बमोजिमकोनर्म्स सहितको दररेट पेश गर्नु होला। यस सम्वन्धमा थप कुरा बुझ्नु परेमा कार्यालय समयमा निम्न टेलिफोन नम्बरमा सम्पर्क गरी बुझ्न सकिनेछः ९८51165792/ ९८६११६०४०२/९८४२647225

तपशिलः

बुद्ध मूर्तिमा पेमा निर्माण कार्यको नर्म्स सहितको दररेट पेश गर्ने पेमाको आकार, साइज र आकार साइज अनुसारको नक्शाको विवरण

१. पेमाकोसाइजःगोलाइ- 79’-०“, उचाई- 11’- ०“
२. निर्माणको प्रकारःR.C.C.M20 -1:1:5M3) / ज्ञःघ एबिकतभच
३. Wall thickness: 100-125 mm.



तपशिलः

(१) बुद्ध मूर्ति निर्माण कार्यको नर्म्स सहितको दररेट पेश गर्दा बुद्ध मूर्ति निर्माण गर्ने मूर्तिकारकालिगढहरुकोसंघ/संस्थाबाट पेश गर्नुपर्ने कागजातहरुः
(क) संस्था दर्ता प्रमाण पत्र र नवीकरण भएको प्रतिलिपि
(ख) नियमानुसार VATवा PAN मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
(ग) आ.व.२०७६।०७७ सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि
(घ) अनुभवको प्रमाण पत्रको प्रतिलिपि

(२)बुद्ध मूर्ति निर्माण कार्यको नर्म्स सहितको दररेट पेश गर्दा बुद्ध मूर्ति निर्माण गर्न बुद्ध मूर्तिकार कालिगढव्यक्तिहरुको हकमा पेश गर्नुपर्ने कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि (ख) स्थायी लेखा नम्बर (पान नं.) को प्रतिलिपि
(ग) अनुभवको प्रमाणको प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

पर्यटकीय नगरी

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## शिलबन्दी दरभाउपत्र र बोलपत्रआव्हानसम्बन्धी सूचना

( तेस्रो पटक प्रकाशितमितिः- २०७७/११/२६)

यस कार्यालयले तपसिल बमोजिमको कार्यशिलबन्दी दरभाउपत्र/बोलपत्रबाट गराउनुपर्ने भएकोले निम्नशर्तहरुको अधिनमा रहि योरितपूर्वकको शिलवन्दी दरभाउपत्र/बोलपत्रआह्वान गरिन्छ।

१.दरभाउपत्र/बोलपत्रफाराम योसूचनाप्रकाशितभएको मितिले १५ (पन्द्र) दिन(२०७७/१२/११)भित्रप्रोपाइटर वानिजको आधिकारिक प्रतिनिधिबाट रितपूर्वक दस्तुर(पछि फिर्ता नहुने गरी) राष्ट्रिय बाणिज्य बैक फिक्कलमा रहेको यस नगर कार्यपालिकाको आन्तरिक राजश्व खाता, बैकं खाता नं. २१००१००३०१०१०००२ माजम्मागरि यस कार्यालय र जिल्ला समन्वय समितिबाट खरिद गर्न सकिने छ।माथि उल्लेखित कार्यालयहरुबाट खरिद नभएको र यस नगरकार्यपालिकाको कार्यालयमा पेश नगरिएको दरभाउपत्र/बोलपत्रलाई मान्यता दिइने छैन।

२.दरभाउपत्र/बोलपत्रकागजात खरिद गर्न इच्छुक आपूर्तिकर्ताले नियमानुसारको दस्तुर वुझाएको रसिद पेश गरी निवेदनदिनु पर्नेछ। निवेदन साथआ. ब. ०७६।७७ सम्म नविकरण भएको दर्ता प्रमाण पत्र, (इजाजत) प्रमाण पत्र,मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.०७६्७७सम्मको कर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपि रयस ठेक्काको ठेक्कापट्टा नं र कामको विवरण उल्लेखगर्नु पर्नेछ।

३.खरिद गरिएकादरभाउपत्र/बोलपत्रफारम नियमानुसार भरी सूचना प्रकाशितभएको मितिले १६ दिन(२०७७/१२/१२)को १२.०० वजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ।दाखिलाहुनआएकादरभाउपत्र/बोलपत्रहरु सोहीदिनको २.०० वजे यस कार्यालयमाउपस्थितदरभाउपत्र/बोलपत्रदाताहरु वा निजको अधिकारप्राप्तप्रतिनिधिहरु र कार्यालयकाप्रतिनिधिहरुको रोहबरमा खोलिने छ। दरभाउपत्र/बोलपत्रदातावानिजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र/बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र/बोलपत्रदाताले पेश गरेको दरभाउपत्रफिर्ता तथा संसोधनगर्न मिल्ने छैन।

५.दरभाउपत्र/बोलपत्रखरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिमदिनविदा पर्न गएमा सो को लगतै कार्यालयखुलेको दिनदरभाउपत्रखरिद गर्न वाबुझाउन सकिने छ।

६. दरभाउपत्र/बोलपत्रको खामवाहिर ठेक्कानम्बर, दाखिलागरिने कार्यालयको नाम, ठेगाना,कामको विवरण र दरभाउपत्र दाताको नाम,ठेगाना ,फोन नं (घरको, मोवाइलको) र इ-मेल स्पष्ट लेखिएको हुनु पर्नेछ।

७. दरभाउपत्र/बोलपत्रसाथ राष्ट्रिय बाणिज्य बैक फिक्कलस्थित यस नगर कार्यपालिकाको धरौटी खाता नं. २१००१००३०३००००२ मा कम्पनीको नामवाट तपशिलमाउल्लेखितजमानतवापतको रकम जम्मागरेको सक्कलै भौचर वादरभाउपत्र पेश गर्ने अन्तिममितिदेखि कम्तिमा ७५/१२०दिन म्यादभएको नेपाल सरकारवाट मान्यताप्राप्त‘क’श्रेणीको बाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममाजारी गरिएको जमानीपत्र -Bid Bond)पेश गर्नुपर्ने छ। सो जमानीपत्र् भौचरमा सम्बन्धित ठेक्का पट्टा नं र कामको विवरण उल्लेख भएको हुनु पर्ने छ। सम्झौता सम्पन्न भएपछि मात्रजमानतवापतको रकम फिर्ता गरिनेछ। दरभाउपत्र/बोलपत्रको मान्यअवधि ४५/९० दिनको हुनेछ।

८.दरभाउपत्र/बोलपत्रदाताले स्पप्ट रुपमा अंक तथा अक्षर दुवैमा दररेटलेख्न पर्नेछ।अंक र अक्षरमा फरक देखिएमाअक्षरमा लेखिएको दरलाई मान्यतादिईनेछ।

९.एउटा फर्मको नामवाट खरिद गरिएको दरभाउपत्र/बोलपत्रफारम अर्को फर्मकोनाममा दाखिला गर्न पाईने छैन।

१०.दरभाउपत्र/बोलपत्रदाताले दरभाउपत्र पेश गर्दा मुल्यअभिवृद्धि कर वाहेकको रकमउल्लेख गरी दरभाउपत्र पेश गर्नु पर्नेछ।

११.स्थानियतह तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ।

१२. अन्यविस्तृत विवरण Bid Documentको Bid Data Sheetमा उल्लेख गरिएको छ। सो सम्बन्धमाआवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी दरभाउपत्रदाताको हुनेछ।

१३. सूचनाको शर्त विपरित भएको, कार्यालयवाट उपलब्ध गराइएको दरभाउपत्र/बोलपत्रफाराममा कुनै थपघट गरिएका, रित नपुगेको, म्याद नाघी पेश हुनआएको दरभाउपत्रउपर कुनै कारवाहीगरिने छैन।

१४.दरभाउपत्र/बोलपत्रको परीक्षण र मूल्यांकन, दरभाउपत्रको सूचनाको शर्तहरु,BID DOCUMENT,स्पेशिफिकेसन तथाप्रचलित ऐन नियमअनुसार हुनेछ र गुणस्तर परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

१५. दरभाउपत्र/बोलपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएमावाविषयवा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउनवाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखीदरभाउपत्र/बोलपत्रस्विकृत गर्ने, नगर्ने वाआंशिक रुपमास्विकृत गर्ने वा सूचना नै रद्घ गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१७.सुचनामाउल्लेख भएकोमा सोहीवमोजिम र अन्यविषयको हकमासार्वजनिकखरिद ऐन२०६३ र सुर्योदय नगरपालिकाको सार्वजनिकखरिद नियमावली२०७५ (संशोधन सहित)तथाप्रचलित ऐन नियमअनुसार हुनेछ।

१८.दरभाउपत्र/बोलपत्रशर्तरहित, केरमेट नभएको, मूल्यपत्रलगायत कार्यालयबाट उपलब्ध गराएका डकुमेण्ट फाराममाकुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ।

१९.दरभाउपत्र/बोलपत्रसम्बन्धी थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ।

| S. No. | Contract Identification No. | Name of Project | Estimate amount (excluding VAT, PS and contingencies) NRs. | Bid security amount NRs. | Bid Security Validity Period (Days) | Bid document fee NRs. |
|---|---|---|---|---|---|---|
| 1 | SUMO/ILAM/NCB/WORKS 19-077/078 | Maintenance of Shree Krishnaashram Ma Vi, Shree Samalbung Ma Vi and Shree Punyasmarika Aa Bi Building | 2,234,653.02 | 55,000.00 | 120 | 3,000.00 |
| 2 | SUMO/ILAM/SQ/WORKS 08-077/078 | Maintenance Work of Fikkal Public Toilet | 15,46,836.00 | 46,000.00 | 75 | 1,000.00 |

प्रमुख प्रशासकीय अधिकृत



## आजको राशीफल

मेषः कामा सफलता मिल्ला, यात्रामा निस्कनु पर्ला, जग्गाको कारोबारमा सफलता।

वृषः वैदेशिक रोजगारीको सम्भावना, नयाँ साथीभाइसँग चिनजान होला, स्फूर्ति बढ्ने छ।

मिथुनः व्यर्थको झमेला आइपर्ला, नजिकको मित्रले समेत असहयोग पुऱ्याउलान्।

कर्कटः व्यापार व्यवसायमा सुधार आउला, महिला मित्रको सहयोग पर्याप्त रहला।

सिंहः नयाँ ठाउँको भ्रमणमा सरिक भइएला, खर्च बढेर जानेछ। तर, समय तपाईंकै पक्षमा छ।

कन्याः अध्ययनमा मन जाला, सरकारी क्षेत्रबाट तपाईलाई सहयोग नै मिल्ने छ।

तुलाः दैनिक कामकाजमा नै दिन बित्ला, व्यवसायमा भने मन्दी छाउने देखिन्छ।

वृश्चिकः आफन्तजनले तपाईलाई सहयोग गर्लान, पशु व्यवसायबाट राम्रो आम्दानी लिन सकिएला।

धनुः अरूले तपाइँको कुरा काट्ने छन्, सोचेको काम पूरा गर्न निकै हम्मे पर्ला।

मकरः सरकारी भ्रमणमा सरिक भइएला, समय मध्यम रुपमा बित्ला, आम्दानी र खर्च बराबरी होला।

कुम्भः मानसिक चिन्ता आइपर्ला, सोचेर काम गर्नु नै बेस होला, समयले तपाईंलाई उति साथ दिएको छैन।

मीनः अध्ययन अध्यापनमा अधिक समय खर्च होला, घरपरिवारबाट नयाँ खबर सुन्न पाइएला।

(कर्ममा विश्वास गरौं)

## इलामका अत्यावश्यक र महत्वपूर्ण टेलिफोन नम्बरहरु

१) एम्बुलेन्स सेवा (नेपाल रेडक्रस सोसाइटी)-०२७-५२०५२२ चालक मोवाइल ९८४२६२७३३३
२) सशस्त्र प्रहरी श्रीअन्तु गुल्म-०२७-५२१६७८
३) सशस्त्र प्रहरी वेस क्याम्प फिक्कल- ०२७-५४०४२०
४) एम्वुलेन्स (फिक्कल) ०२७-५४०२१६
५) दमकल (इनपा)-०२७-५२००३०
६) खानेपानी (इनपा)-०२७-५२००३०
७) इलाम अस्पताल-०२७-५२००२२
८) विद्युत प्राधिकरण-०२७-५२००५४
९) विद्युत मर्मत सेवा-०२७-५२००५५
१०) सोधपुछ सेवा टेलिकम-१९७
११) टेलिफोन मर्मत सेवा-१९८
१२) जिल्ला प्रहरी कार्यालय-१००
१३) ट्राफिक प्रहरी-०२७-५२०२११
१४) आकस्मिक रक्त सञ्चार-०२७-५२००८७ (सम्पर्कः रतन चौधरी- मो. ९८५२६८००५८)
१५) माइती नेपाल-०२७-५५००७०
१६) जिप्रका-०२७-५२०५५५
१७) पुवाखोला जल विद्युत वितरण केन्द्र-०२७-५२००१०
१८) जिल्ला स्वास्थ्य कार्यालय-०२७-५२०८५६
१९) एम्वुलेन्स सेवा-(इलाम अस्पताल)-०२७५२००२२

## बिमा....

भएपछि खर्च जोहो गर्न लागे। उनीहरु एक महिना यता देखि भद्रपुर ८ मा रहेको लभकुश आश्रममा बस्दै आइरहेका छन्। सोही क्रममा आश्रमकी अध्यक्ष रञ्जु शर्माले यो कुरा थाहा पाइन्। रञ्जुले थाहा पाएपछि विरामीका परिवारलाई लिएर उनीहरु सुस्मा मेडिकल पुगेपछि घटना सार्वजनिक भएको थियो। अस्पतालको पुर्जामा राजवंशीको उमेर १७ वर्ष उल्लेख गरि डेलिभरी(अल्ट्रा साउण्ड) लगायतको चेकजाँच गरिएको छ। अस्पतालका रेडियोलेजिष्ट सञ्जय शर्माले चेकजाँच गरेको पुर्जामा उल्लेख छ। पटक-पटक सोही नामबाट चेकजाँच गराइएको छ। अन्तिम पटक जनवरी २८ मा दिपीकाको बिमा नम्बर ०६८८३१७११ बाट २ हजार ४ सय रुपैयाँ खर्च देखिएको छ। घटना सार्वजनिक भएपछि फागुन २० गते ममताको ओपिडी पुर्जा मार्फत चेकजाँच गरिएको छ। उनको उमेर २२ वर्ष रहेको छ भने चिकित्सकले २६ गते बुधबारको मिति दिएको रञ्जुले बताइन्।

बिमा काडको दूरुपयोग गरेर यस्तो गैरकानूनी धन्ना नचलाउनु भन्दै बिमाका सवै कागजपत्र फार्मेसीलाई नै फिर्ता दिएको शर्माले बताइन्। ज्याला मजदुरीबाट जिवीकोपार्जन गर्दै आएका यस्ता गरिबबाट रकम असुल्नु गम्भिर त्रुटी भएको उनले बताइन्।

## चियाको....

र रोपण गरेको क्षेत्रफलको आधारमा कृषि सामग्री संस्थानबाट मल उपलब्ध गराउने जानकारी दिए।

उनले झापामा हाल सात हजार ३४० हेक्टरमा चिया खेती भइरहेको जानकारी दिँदै साना कृषकको सङ्ख्या दुई हजार ९६२, चिया सहकारी सात वटा, साना चिया प्रशोधन कारखाना ४३ मध्ये ३५ वटा सञ्चालनमा, चिया प्याकेजिङ उद्योग १७२ वटा, टि-इस्ट्रिटको संख्या ७३ वटा रहेको बताए।

उनले जिल्लामा मात्र हाल एक करोड ७४ लाख २९ हजार २८८ किलो तयारी चिया उत्पादन हुने बताए।

चालू आव २०७७/७८ को बजेट भने बोर्डको रु ९५ लाख ९७ हजार मात्र रहेको जनाउँदै उनले प्रशासनिक खर्च रु ७७ लाख एक हजार, कार्यक्रम खर्च रु १८ लाख ६६ हजार, पूँजीगत खर्च रु ३० हजार गरी रु ९५ लाख ९७ हजार भएको बताए।

जि.प्र.का.इ. द.नं. ३०/२०६७/२०६८
इ. जि.हु.द.नं. २२/०६७/०६८
डि. स. का. इ. द. नं. ३/४७८

## छोटकरी समाचार

### भागीरथी हत्याकाण्ड: दिनेशलाई सुधार गृह पठाइँदै

इलाम,फागुन २५ (इपोस): किशोरी बलात्कार र हत्या गरेको आरोप लागेका बैतडीको दोगडाकेदार गाउँपालिका-७ चडेपानीका १६ वर्षीय दिनेश भट्टलाई पुर्पक्षका लागि सुधारगृह पठाउन जिल्ला अदालत बैतडीले आदेश दिएको छ। दिनेशमाथि सोही गाउँकी १७ वर्षीया भागरथी भट्टलाई बलात्कार र हत्या गरेको आरोप लागेको हो । दिनेशलाई सरकारी वकिल कार्यालयले मङ्गलबार अदालत बुझाएको थियो । अदालतले दिनेशलाई १८ वर्ष नपुगेकाले पुर्पक्षका लागि सुधारगृह पठाउन आदेश दिएको बैतडीका प्रहरी प्रमुख, प्रहरी नायब उपरीक्षक नारायणप्रसाद अधिकारीले जानकारी दिए । थुनछेक बहसपछि जिल्ला अदालतका न्यायाधीश तिलकबहादुर कार्कीको इजलासले पुर्पक्षका लागि सुधारगृह पठाउन आदेश दिएको हो । दिनेशलाई बुधबार डोटीमा रहेको सुधारगृह पठाउने तयारी रहेको गरिएको छ । गत माघ २१ गते विद्यालयबाट फर्किएकी भागरथी साँझ घर नपुगेपछि खोजतलास गर्दै जाँदा माघ २२ गते स्थानीय लवलेक जंगलमा विभत्स र निर्वस्त्र अवस्थामा मृत फेला परेकी थिइन् । प्रहरीले घटनाको अनुसन्धानपछि दिनेशलाई फागुन ४ गते नियन्त्रणमा लिएको थियो । त्यसपछि प्रहरीले जिल्ला अदालतबाट चार पटक ५/५ दिनका लागि म्याद थप गरेर थप अनुसन्धान गरेको थियो । दिनेशले यसअघिनै आफूले बलात्कारपछि भागरथीको हत्या गरेको स्वीकार गरिसकेका छन् । सनातन धर्म माविमा कक्षा ११ पढ्ने दिनेश र सोही विद्यालयमा कक्षा १२ मा पढ्ने भागरथी एकै गाउँका हुन् । नाताले यी दुवैजना दिदीभाइ पर्छन् । यसअघि भागरथीको शव जिल्ला अस्पतालमा परीक्षण गर्दा बलात्कारपछि हत्या भएको देखिएको थियो ।

### वर्तमान सरकारकै पक्षमा लाग्छौ :खनाल

इलाम,फागुन २५ (इपोस): नेकपा (एमाले)का वरिष्ठ नेता झलनाथ खनालले अब आफूहरू यही सरकारलाई बाँकी दुई वर्षको कार्यकाल पूरा गराउने तर्फ लाग्ने बताएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकबाट बाहिरिने क्रममा पूर्वप्रधानमन्त्री खनालले सर्वोच्च अदालतको यही फागुन २३ गतेको फैसलाबाट पार्टी पुन:स्थापित भएकाले अब संसद्मा हुन सक्ने विभिन्न खेलतिर नलागी अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारलाई टिकाउन प्रयास गरिने स्पष्ट गरे । एमाले र माओवादी केन्द्रबीचको एकता भई बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अदालतको फैसलाबाट खारेज भएको थियो । नेकपा रहेका स्थितिमा भने पार्टीभित्र सरकार परिवर्तनको कुरा उठेको थियो ।

### शोक प्रस्ताव पारित गर्दै संसद वैठक सकियो

इलाम,फागुन २५ (इपोस): प्रतिनिधि सभाको बैठक शोक प्रस्ताव पारित गरेर सकिएको छ। बहालवाला सांसद तथा पूर्वसांसदहरुको मृत्युमा शोक प्रस्ताव पारित गरेर सकिएको हो । अब अर्को बैठक चैत ३ गते मंगलबार दिउँसो १ बजे बस्ने सभामुख अग्निप्रसाद सापकोटाले जानकारी दिए। बैठकमा प्रधानमन्त्री केपी शर्मा ओली सहभागी भएनन्। बैठक सुरु हुनुअघि नै संसद् भवन नयाँ बानेश्वर पुगेका उनी करिब १० मिनेट बसेर बाहिरिएका थिए । पुन:स्थापनापछि पहिलोपटक फागनु २३ गते बसेको बैठकमा कांग्रेसले अवरोध र नेकपा प्रचण्ड-माधव पक्षले बहिष्कार गरेको थियो ।

**हाम्रो अनुरोध**

*जन्म,मृत्यु,विवाह,बसाइँसराई, सम्बन्धविच्छेद जस्ता घटना घटना घटेको ३५ दिन भित्र अनिवार्य आफ्नो स्थायी ठेगाना भएको सम्बन्धित वडा कार्यलयमा दर्ता गरौं।*

**फाकफोकथुम गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**आमचोक, इलाम**

**हाम्रो अनुरोध**

सडक र सडकका पेटीमा निर्माण र व्यवसायका सामाग्री नराखौं,
भान्सा र पसलको फोहोरलाई गाउँपालिकाको गाडिमा हाल्ने गरौं,
पालिकालाई दुर्गन्धित बनाउने काम नगरौं, सवारी साधन जथाभावी पार्किङ नगरौं, पर्यटनमैत्री र वातावरणमैत्री बनाउन स्वच्छ र सफा राखौं,
पालिका भित्र घर निर्माण गर्दा पालिकाको इजाजत र नक्सा पास गरेर मात्र निमार्ण गरौं,
*व्याक्तिगत घटना (जन्म,मृत्यू,विवाह,बँसाइँसराई) सम्बन्धित वडा कार्यलयमा ३५ दिन भित्रमा अनिवार्य दर्ता गरौ*

**चुलाचुली गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय, इलाम**



# उद्यमी बन्न चाहने महिलालाई नबिल बैंकको सहयोग

**इलाम पोष्ट संवाददाता**
इलाम,फागुन २५

नबिल इन्भेष्टमेण्ट बैंकिङले नारी दिवसको अवसर पारेर सेयर बजारमा प्रवेश गर्न चाहने महिला लगानीकर्ताहरुलाई लक्षित गरी आफूले लगानी व्यवस्थापन सेवा प्राप्त गरेबापत प्रथम वर्षको लागि लाग्ने वार्षिक शुल्क पूर्ण रुपमा छुट गरेको छ ।
यो योजना अंग्रेजी महिना मार्च अन्तिमसम्म रहने छ । सेयर बजारमा लगानी गर्न इच्छा रहेको तर सेयर बजारको बारेमा ज्ञान नभएका वा अन्य जो कोही महिला लगानीकर्ताहरुले यो सुविधा प्राप्त गर्न सक्ने बैंकले जनाएको छ ।
विभिन्न व्यवसायमा रहेका व्यवसायी तथा सेयर बजारको बारेमा विस्तृत विश्लेषण तथा अध्ययनको अभावका कारणले गर्दा लगानी गर्न नसकेका लगानीकर्तालाई यो सेवा प्रदान गर्ने उद्देश्यले नेपाल धितोपत्र बोर्डबाट लाइसेन्स प्राप्त गरी सेयर बजारमा प्रवेश गर्न चाहने लगानीकर्ताहरुको लगानीको व्यवस्थापन गर्ने बैकले जारी गरेको विज्ञप्तीमा उल्लेख छ ।
विगतका दिनहरुमा यस कम्पनीबाट लगानी व्यवस्थापन सेवा प्राप्त गरेका लगानीकर्ताहरुले राम्रो प्रतिफल प्राप्त गरेको कम्पनीको दावी छ ।
यो सुविधाबाट नेपालको सेयर बजारमा प्रवेश गर्न चाहने महिला लगानीकर्ताहरुले यसको पूर्ण फाइदा लिनसक्ने बैंकको विस्वास छ । लगानीकर्ताहरु र उद्यमीहरुको हितलाई ध्यानमा राखी अन्तर्राष्ट्रियस्तरको वित्तीय सेवा तथा इन्भेष्टमेण्ट बैंकिंग र मर्चेन्ट बैंकिंग सम्बन्धि सुविधाहरु नबिल इन्भेष्टले पछिल्ला दिनहरुमा सञ्चालन गर्दै आएको छ ।

## नेपालको संविधानमा नागरिकतासम्बन्धी प्रावधान

☞ कुनै पनि नेपाली नागरिक नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नहुने । ☞ प्रादेशिक पहिचानसहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको । ☞ संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका व्यक्ति नेपालको नागरिक हुने । ☞ वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको बाबु वा आमाको नामबाट लैङ्गिक पहिचानसहितको नागरिकताको प्रमाण-पत्र पाउने । ☞ नागरिकको परिचय खुल्ने गरी अभिलेख राखिने ।

**नेपाली नागरिकता प्राप्त हुने अवस्था :-**

१. **वंशजको नागरिकता**

☞ संविधान प्रारम्भ हुनु भन्दाअघि वंशजको नागरिकता प्राप्त गरेका व्यक्ति । ☞ जन्म हुँदा कुनै व्यक्तिको बाबु वा आमा नेपालको नागरिक रहेको अवस्थामा त्यस्तो व्यक्ति । ☞ संविधान प्रारम्भ हुनुभन्दा अघि बाबु र आमा दुबैले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका सन्तान बालिग भएपछि । ☞ नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म । ☞ नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति । तर बाबु विदेशी नागरिक ठहरेमा संघीय कानुन बमोजिम अंगीकृत नागरिकतामा परिणत हुने । ☞ विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको, निज नेपालमा नै स्थायी बसोबास गरी निजले विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको र नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुबै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्ति । नागरिकता प्राप्त गर्दाका बखत आमा र बाबु दुबै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने । धारा (११) (७) ।

२. **अंगिकृत नागरिकता प्राप्त गर्न सक्ने:**

क. विदेशी नागरिकले संघीय कानुन बमोजिम अंगीकृत नागरिकता प्राप्त गर्न सक्ने ।
ख. वैवाहिक अंगिकृत देहाय बमोजिम प्राप्त गर्न सकिने ।
☞ नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले संघीय कानुन बमोजिम ।

नेपाल सरकार
**कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**काठमाडौंका डाक्टरबाट मलद्वारका रोगहरु पायल्स, फिस्टुला र फिसरको ग्यारेन्टीका साथ उपचार**

**यही फागुन २९ गते शनिबार १ दिनका लागि काठमाडौंबाट आउनुहुने विशेषज्ञ डा. राजीव घिमिरेद्वारा पायल्स, फिसर फिस्टुला, मलद्वारसम्बन्धीरोगको ग्यारेन्टीका साथ उपचार अब माता मनकामना इलाममा**

**पाइल्स**: मासु पलाएको, कब्जियत, बेर्ना निस्कने, दिसामा रगत जाने, चिलाउने, पोल्ने, दिसा बस्दा अप्ठयारो हुने, मलद्वारको कुनै पनि समस्याको ग्यारेन्टीका साथ उपचार गरिन्छ ।
**पेट**: ग्यास्ट्रिक, अल्सर, गानोगोला, खाने नपच्ने, अरुचि हुने, अमिलो पानी आउने, दिसा बारम्बार लाग्ने, पेट कटक्क खाने, दुब्लो हुने, खाना खान मन नलाग्ने आदि ।

**यहाँ सुई, औषधि तथा चिरफार नगरीकन क्षारसूत्र विधिद्वारा उपचार गरिन्छ।**
***नोट : पानी ट्यांकी र सिलिगुडीको सम्पूर्ण उपचार सेवा यहाँ उपलब्ध छ।***

**माता मनकामना उपचार क्लिनिक**

**निकुञ्जपथ इलाम बजार (सिद्धार्थ बैंकको तल्लो तला) IME अफिसको पछाडिको सटरमा) फोन: ०२७-५२१८६३ मोवाइल: ९८५२६८१६५०**

इलाम सञ्चार सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित **इलाम पोष्ट** दैनिकका लागि सम्पादक: सटेन्द्रकुमार जबेगू, कार्यकारी सम्पादक: किरण पौडयाल, सल्लाहकार सम्पादक: धर्म गौतम
अध्यक्ष:- गृष्म सुव्वा, ठेगाना:-इलाम नगरपालिका १, चोकबजार, फोन नं. ०२७-५२१७९०, ९८४४६८१७१४ इमेल: ilampostdaily@gmail .com, मुद्रक:-शिवशक्ति छापाखाना इलाम